**निर्णय:-**

१. आजको बैठकको प्रारम्भमा समितिका नवनिर्बाचित सभापति मा. रामनारायण विडारीले आफुलाई समितिको सभापतिको पदमा निर्वाचित गर्नुभएकोमा समितिका सबै सदस्यहरुलाई हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्नुभयो । साथै उहाँले समितिको ज्येष्ठ सदस्यको हैसियतले समितिलाई हालसम्म कुशलतापूर्वक नेतृत्व प्रदान गर्नुभएकोमा मा. राधेश्याम अधिकारी प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्नुभयो । तत्पश्चात समितिको ज्येष्ठ सदस्यको हैसियतले समितिलाई हालसम्म कुशलतापूर्वक नेतृत्व गर्नुभएकोमा मा. राधेश्याम अधिकारीलाई धन्यवाद दिने निर्णय गरियो ।

२. तत्पश्चात आजको बैठकबाट समितिको निर्देशिका पारित गरियो ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति